## वडा न.१

निर्णय नं. २)
गुलरिया नगरपालिका, १ नं. वडाको दोस्रो वडा सभामा प्रस्तुत नीति तथा कार्यक्रममा प्राप्त भएका राय सुझावहरुलाई समेटी नीति तथा कार्यक्रम सर्बसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

### नीति तथा कार्यक्रम

आदरणीय प्रमुख अतिथि, विशेष अतिथि, यस वडाका राजनैतिक दलका प्रमुख एवं प्रतिनिधीहरु शिक्षक बुद्धिजीवी, महिला वालवालिकाका प्रतिनीधीहरु, शिक्षक बुद्धिजीवी, महिला वालबालिकाका प्रतिनिधीहरु, संघसस्थाका प्रतिनिधहरु, सञ्चारकर्मीहरु, सुरक्षाकर्मीहरु, स्वास्थ्य चौकी प्रमुख, एवं सम्पूर्ण उपस्थीत महानभावहरु प्रति सबैमा हार्दिक अभिवादन गर्दछु ।

गुलरिया नगरपालिका, १ नं. वडाको वडा सभामा ज्ञातअज्ञात सम्पूर्ण सहिदहरुप्रति भाव पूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु ।

गुलरिया नगरपालिका वडा नं. १ को संक्षिप्त पृष्ठभूमि राख्न अनुमति चाहन्छु ।

क्षेत्रफलको हिसाबले गुलरिया नगरपालिकाकाको सबैभन्दा ठुलो वडा हो । यस वडामा ५ वटा सामुदायिक बिद्यालयमा जम्मा बिद्यार्थी संख्या २,२९५ बिद्यार्थीहरु अध्ययनरत रहेको । ४ वटा सहकारी संचालनमा रहेका छन । ऐतिहासिक महत्वका २ वटा मंदिर पर्बतीया मंदिर र खण्डबाबा रहेका छन ।

गुलरिया नगरपालिकाको दोश्रो नगरसभा चलिरहेको अवस्थामा यस वडाको सभाबाट प्राप्त राय सुझावहरुको आधारमा टेकी योजना बनाउने उद्देश्यबाट दोश्रो वडा सभामा वडाको संक्षिप्त रुपमा निती तथा कार्यक्रम प्रस्ततु गर्ने अनुमति चाहन्छु ।

- गत आर्थिक वर्षमा सञ्चालित अधुरा योजनाहरुलाई क्रमागत रुपमा निरन्तरता दिईने छ ।
- वडा भित्र पछाडी पारिएका मधेशी, दलित र महिला बालबालिकाका लागी निती बनाई कार्यक्रम सञ्चालन गरिने छ ।
- शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधारका कार्यक्रम सञ्चालन गर्ने निति अवलम्बन गरिनेछ ।
- ऐतिहासिक पार्वती (पर्वतीया) मन्दिरको संरक्षण, प्रवर्धन गर्ने निति लिईनेछ ।
- वडा भित्र रहेका सम्पूर्ण टोलविकास संस्थाका पदाधिकारीहरुको क्षमता अभिवृद्धि, टोलविकास सस्था दर्ता र प्रत्येक वर्ष नविकरण गर्न निति अपनाईने छ ।
- आगामी दिनहरुमा वडामा रहेका गैर सरकारी संघसस्था र सहकारी सस्थाहरु सँग सहकार्य गरि अघि बढने निति लिईने छ ।
- खेलकुद क्षेत्रको विकास र सम्बर्धनका लागी कार्यक्रम सञ्चालन गरिने छ ।
- वडामा रहेका मन्दिर, मस्जीद, चर्च, गुम्बा लगाएत सबै धार्मिक स्थलहरुको संरक्षण सम्बर्धन गर्ने निति लिईने छ ।
- वडालाई गुलरिया नगरपालिकाको नमुना वडा बनाउनको लागी नगरपालिकामा प्रस्ताव लगिने छ ।
- वडाबाट प्रदान गरिने सम्पूर्ण सेवा सुविधालाई सहज र सरल रुपमा प्रदान गर्नका लागी “जनमैत्री सेवा, हाम्रो प्रतिवद्धता, जवाफदेहिता र पारदर्शीता आजको आवश्यकता” भन्ने मूल नाराका साथ

सम्पूर्ण टोलहरुमा जन्म दर्ता, मृत्युदर्ता, विवाहादर्ता, बसाईसराई, लगाएत सामाजिक सुरक्षा भत्ता कार्यक्रमको वारेमा टोलटोलहरुमा जागरण अभियान सञ्चालन गरिने छ ।

- अव्यवस्थीत बसोबास गरिरहेका सुकुम्बासी, मुक्त कमैयाहरुको यथार्थ तथ्यांक नभएकोले सो को तथ्यांक लिई समस्या समाधानको लागी नगरपालिका मार्फत प्रदेश र केन्द्र सरकारलाई अनुरोध गरिनेछ ।
- वडा भित्र रहेका धेरै जसो युवाहरु निर्माण क्षेत्रमा निर्माण मजदुरको रुपमा कार्य गरिरहेकोले सो को विवरण संकलन गरि दक्ष /अदक्ष सिप परिक्षण गर्नका लागी नगरपालिका मार्फत प्रदेश र केन्द्र सरकारलाई अनुरोध गरिनेछ ।
- वडामा रहेका गाईभैंसी पालन फार्म, कुखुरा पालन फार्म, बंगुर पालन फार्म, र ब्यवसायीक रुपमा फलफूल र तरकारी खेती, गरिरहेका कृषकहरुको पहिचान गरि ब्यवसायीक प्रवर्धन गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।
- वडा भित्र रहेका सामुदायीक विद्यालयहरुको पढाईलाई गुणस्तर बनाउनका लागी वडा स्तरीय शिक्षा कोष स्थापना गर्ने निति लिईने छ ।
- सामाजिक सुरक्षा भत्तालाई घर घर सम्म पुऱ्याउनका लागी गुलरिया नगरपालिकालाई अनुरोध गरिने छ ।
- वडा भित्र स्वास्थ्य र सरफाई सम्बन्धी जनचेतना फैलाउने निति लिईने ।
- वडा भित्र रहेका विभिन्न जातीय सस्कृतिको संरक्षण र सम्बर्धनको निति लिइने छ ।
- खैरापुर स्वास्थ्य चौकीलाई प्राथामिक स्वास्थ्य केन्द्रको रुपमा स्तर उन्नती गर्नका लागी नगरपालिका मार्फत प्रदेश र केन्द्र सरकारलाई अनुरोध गरिने छ ।
- वडा भित्रका महिला स्वयंमसेविका हरुको वृद्धिविकासको लागी कार्यक्रम सञ्चालन गरिने छ ।
- वडा भित्र रहेका भिन्न क्षमता भएकाहरुका लागी कार्यक्रम सञ्चालन गरिने छ ।
- वडा भित्र रहेका जेष्ठ नागरिक, अपांगहरुका लागी कार्यक्रम सञ्चालन गरिने छ ।
- वडाभित्र विपत ब्यवस्थापनको लागि बिभिन्न संघ संस्थाहरु सँग सहकार्य अघि बढ्ने नीति लिइनेछ ।
- वडाभित्र लागू औषध नियन्त्रण सम्बन्धमा विभिन्न संघ संस्थाहरुसंग सहकार्य तथा समन्वय गरी अगाडी बढ्ने नीति लिइनेछ

निर्णय नं. ३)

सहभागितात्मक टोल योजना तर्जुमा प्रकृयाद्वारा छनौट भई आएका र प्राथमिकतामा परेका तपसिल बमोजिमका योजनाहरु आर्थिक बर्ष ०७५/०७६ मा संचालन गर्ने गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**तपसिल**

**वडा स्तरिय योजनाहरु**

**लक्षितवर्ग तर्फ**

**१) महिला लक्षित - रु. ६,०००००। (अक्षेरुपी छ लाख मात्र)**

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | बिनियोजित बजेट रु. |
|---|---|---|
| १ | महिला लक्षित | रु. १ लाख |
| २ | बाल बालिका लक्षित | रु. १ लाख |
| ३ | जेष्ठ नागरिक | रु. १ लाख |
| ४ | भिन्न क्षमता (अपांग) | रु. १ लाख |
| ५ | जनजाति, लोपोन्मुख | रु. १ लाख |
| ६ | दलित | रु. १ लाख |

**आर्थिक सामाजिक एवं भौतिक पुर्वाधार बिकास**

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | बिनियोजित बजेट रु. |
|---|---|---|
| १ | छेदापुर गाउँ स्थित एनसेल टावर देखि पुर्व गुलरिया - ३ को तेजीपुर गाउँ जाने बाटो माटो पटान र ग्राभेल | रु. ३ लाख |
| २ | छेदापुर चोकदेखि पश्चिम सगाहापुर गाउँको चोकसम्म जाने बाटो माटो पटान र ग्राभेल | रु. ४ लाख |
| ३ | गाउँ नं. १४ स्थित धनबिर वलीको घरदेखि पुर्व चौधरी टोल जाने बाटो माटो पटान र ग्राभेल | रु. ६ लाख |
| ४ | मिलन टोल देबु दमाईको घरदेखि पश्चिम मधुवन - ८ जोड्ने बाटो माटो पटान र ग्राभेल (क्रमागत) | रु. ६ लाख |
| ५ | शंकरबस्ती गाउँका भित्री सडकमा ग्राभेल गर्ने कार्य | रु. ६ लाख |
| ६ | गाउँ नं. १५ स्थित नारायण चौधरीको घरदेखि पुर्व लक्षीराम यादबको घरसम्म जाने बाटो माटो पटान र ग्राभेल | रु. ४ लाख |
| ७ | खानेपानी कार्यालय देखि दुर्गा बि.क.को घर हुदै राम नरेश यादको घरसम्म जाने बाटो मर्मत सुधार तथा ग्राभेल | रु. ३ लाख |
| ८ | पर्वतीया मंदिर निर्माण र मुर्ति स्थापना | रु. १५ लाख |
| ९ | प्रेस चौतारी नेपाल बर्दिया शाखाद्वारा स्थापित नागरिक सहिद गोबिन्द प्रसाद पाण्डे स्मृति पत्रकारिता पुरस्कार अक्षयकोष | रु. १ लाख |
| १० | कृष्णसार बचत तथा ऋण सहकारी संस्थाको भवन निर्माणको लागि | रु. २ लाख |

| | | |
|---|---|---|
| | (क्रमागत) | |
| ११ | वडा स्तरीय सामुदायिक बिद्यालयहरुमा पठन पाठन गुणस्तर बृद्धिका लागि वडा स्तरीय शिक्षा कोष स्थापना | रु. २ लाख |
| १२ | योजना अनुगमन तथा निरिक्षण | रु. २ लाख |
| १३ | पदाधिकारी तथा कर्मचारी अवलोकन भ्रमण | रु. १ लाख |

**शिक्षा तर्फ** **रु. १०,०००००। - (अक्षेरुपी दस लाख मात्र)**

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | बिनियोजित बजेट रु. |
|---|---|---|
| १ | जगन्नाथ गुरबाबा झ्याल ढोका र फर्निचर | **रु. २ लाख** |
| २ | स्वामी परमानन्द प्रा.बि.को भवन रंगरोगन, ग्यालिङ निर्माण र फर्निचर निर्माण | **रु. १ लाख** |
| ३ | नेपाल राष्ट्रिय शम्भुशण मा.बि. को च्यानल गेट, झ्याल ढोका मर्मत | **रु. ४ लाख** |
| ४ | त्रिशक्ति नि.मा.बि. मा बाउण्डरी वाल निर्माण | **रु. ३ लाख** |

**विपद ब्यवस्थापन र मर्मत सम्भार तर्फ** **रु २,०००००। - ( अक्षेरुपी दुइ लाख मात्र)**

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | बिनियोजित बजेट रु. |
|---|---|---|
| १ | गुलरिया - १ भित्र **विपद ब्यवस्थापन र मर्मत सम्भार तर्फ र** | **रु. २ लाख** |

**वातावरण तथा खानेपानी** **रु. २,०००००। - (अक्षेरुपी दुई लाख मात्र)**

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | बिनियोजित बजेट रु. |
|---|---|---|
| १ | वातावरण संरक्षण तथा वाल उद्यान ब्यबस्थापन | **रु. १ लाख** |
| २ | खानेपानी कार्यालयमा कम्प्युटर खरिद र ई-सेवा संचालन | **रु. २ लाख** |

**कृषि तर्फ** **रु. २,०००००। - (अक्षेरुपी दुइ लाख मात्र)**

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | बिनियोजित बजेट रु. |
|---|---|---|
| १ | ब्यबसायिक कृषि प्रवर्धन | **रु. २ लाख** |

**खेलकुद तर्फ** **रु. १,०००००। - (अक्षेरुपी एक लाख मात्र)**

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | बिनियोजित बजेट रु. |
|---|---|---|
| १ | गुलरिया न.पा. वडा नं. १ मा खेलकुद बिकास र प्रवर्धन गर्नको लागि | **रु. १ लाख** |

**बिद्युत तर्फ** **रु. १५,०००००। - (अक्षेरुपी पन्ध्र लाख मात्र)**

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | बिनियोजित बजेट रु. |
|---|---|---|
| १ | गुलरिया न.पा. वडा नं. १ का अति आबश्यक विभिन्न स्थानमा बिद्युत ट्रान्सफरमर खरिद | **रु. १५ लाख** |

**ह्युमपाइप खरिद** **रु. ७,०००००। - (अक्षेरुपी सात लाख मात्र)**

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | बिनियोजित बजेट रु. |
|---|---|---|
| १ | गुलरिया न.पा. वडा नं. १ मा माग भई आएका अति आवश्यक भएका स्थानहरुमा प्राविधिकको अध्ययन पश्चात ह्युमपाइप उपलब्ध गराउने । | **रु. ७ लाख** |

**<u>नगर स्तरिय योजनाहरु</u>**

- शान्ति टोल स्थित बिर्षलाल डाँगीको घरदेखि सृजना टोल, भण्डारी टोल सम्म सडक कालोपत्रेको लागि गुलरिया नगर कार्यपालिकालाई अनुरोध गर्ने । (क्रमागत योजना)
- गाउँ नं. १४ स्थित चक्र बहादुर खत्रीको घरदेखि उत्तर हुलाकी सडक जोड्ने बाटोको बिचमा कल्भर्ट निर्माणको लागि गुलरिया नगर कार्यपालिकालाई अनुरोध गर्ने ।
- पर्बतीया हाट बजारबाट खानेपानी कार्यालय हुदै मिलन टोलदेखि रतिभाने बि.क. को घरसम्म सडक कालोपत्रे गर्नको लागि नगर कार्यपालिकालाई अनुरोध गर्ने ।
- नेपाल राष्ट्रिय शम्भु शरण मा.बि. मा ६ कोठे भवन निर्माण गर्न नगर कार्यपालिकालाई अनुरोध गर्ने ।
- पुरी लेगपिस देखि पुर्व जगमोहन चोक सम्म जाने बाटोको दुबै तर्फ पक्कि नाली निर्माणको लागि नगर कार्यपालिकालाई अनुरोध गर्ने ।
- बिद्युतको क्षमता कम भई सिंचाई मोटर संचालन नहुँदा कृषकहरुको तरकारी लगायत खाद्यान्न बाली उत्पादन अति न्यून भएको हुदा गाउँ नं. १५ को बेलटाँडी टोल दलैया चोकमा, गाउँ नं. १४ कमलपुर गाउँ र गाउँ नं. १० को लागि ३ थान बिद्युत ट्रान्सफरमर उपलब्धताको लागि बिद्युत प्राधिकरण गुलरिया बर्दियालाई अनुरोध गर्ने ।
- चौधरी टोल स्थित नारायण गौतमको घरदेखि उत्तर तर्फ पिरु गुजरको जग्गा हुँदै हुलाकी सडक जोड्ने बाटो निकासको लागि नगर कार्यपालिकालाई अनुरोध गर्ने ।
- खैरापुर तिकुनिया चोक (पिपल चौतारा) देखि आराधना चर्च हुँदै छेदापुर गाउँ सम्म जाने सडक सम्म ढल निकास र बाटो कालोपत्रे गर्न नगर कार्यपालिकालाई अनुरोध गर्ने ।
- गुलरिया न.पा. वडा नं. १ स्थित बिभिन्न गाउँहरुमा भएका खेलमैदानलाई स्तरोन्नती र सुधार गर्नको लागि गुलरिया नगर कार्यपालिकालाई अनुरोध गर्ने ।
- गुलरिया - १ लाई पूर्ण सरसफाई कार्यक्रम संचालनका लागि खानेपानी तथा सरसफाई सब-डिभिजन कार्यालय बर्दियालाई अनुरोध गर्ने ।
- गुलरिया - १ लाई नमूना वडा बनाउनको लागि जुवा तास, जाँड रक्सि, लागू पदार्थ सेवन र लागु औषध ओसार पसारमा नियन्त्रण गर्नको लागि श्री जिल्ला प्रहरी कार्यालय बर्दियालाई अनुरोध गर्ने साथै बिभिन्न गैर सरकारी संस्थाहरु सँग समन्वय गरि अभियान संचालन गर्ने ।
- गुलरिया न.पा. वडा नं. १ को शंकरबस्ति, गाउँ नं. १५ र गाउँ नं. १४ मा गाउँ घर क्लिनिक संचालनको लागि नगर कार्यपालिकालाई अनुरोध गर्ने ।
- नैन सुनारको घर देखि उत्तर तर्फ डांगु थारुको मन्दिर सम्म सगहापुर खैरापुर तिकुनिया चोक सम्म जोड्ने सडक माटो पटान तथा ग्रभेल गर्नका लागि नगर कार्यपालिकालाई अनुरोध गर्ने

- रण बहादुर डांगिको घर देखि दक्षिण तर्फ भारतिय सिमा सम्म हिरालाल पुरीको वोरिङ्ग सम्म लागि नगर कार्यपालिकालाई अनुरोध गर्ने
- गुलरिया न.पा. वडा नं. १ भारतीय सीमासँग जोडिएको बस्ती भएको हुँदा खैरापुर प्रहरी चौकी क र ख लाई २४ घण्टा गस्ती गर्न आबश्यक पर्ने साइकल थान - १० उपलब्धताको लागि नगर कार्यपालिकालाई अनुरोध गर्ने ।
- गुलरिया न.पा. वडा नं. १ को वडा कार्यालयको भवन पर्बतीया बजारको नजिकमा रहेको सरकारी जग्गामा निर्माणको लागि नगर कार्यपालिकालाई अनुरोध गर्ने ।
- **शहिद जिलेराम यादव गेट निर्माण र स्मिर्ती प्रतिक्षालय निर्माणको लागि गुलरिया नगरकार्यपालिकालाई अनुरोध गर्ने**

**<u>प्रदेश तथा केन्द्र स्तरिय योजनाहरु</u>**

- पर्बतीया मंदिर निर्माण, मंदिरको जग्गाको तारबार गर्न र पर्बतीया मंदिर क्षेत्रलाई धार्मिक प्रयटकिय क्षेत्रको रुपमा बिकास गर्न पर्यटन तथा संस्कृति मंत्रालयलाई अनुरोध गर्ने ।
- गाउँ नं. १४ कमलपुर-गुजराना-गुरुवा गाउँ पदनाहा देखि रम्मापुर हुदै पूर्ब पश्चिम राजमार्ग सम्म जाने लिंक सडक निर्माण र गुरुवा गाउँ घाटमा पक्कि पुल निर्माण गर्न नगर कार्यपालिका मार्फत भौतिक योजना तथा पुर्वाधार मन्त्रालयलाई अनुरोध गर्ने ।
- गुलरिया नगरपालिका वडा नं. १ स्थित कमलपुर (गाउँ नं. १४), शंकरबस्ती, छेदापुर, सगाहापुर, गाउँ नं. १६, गाउँ नं. १५ मा टेलिफोन लाइन विस्तारको लागि अनुरोध गर्ने निर्णय गरियो ।
- गुलरिया न.पा. वडा नं. १ लाई नमुना बस्तिको रुपमा बिकास गर्न बिद्युत लाइनलाई भूमिगतरुपमा सुधार बिस्तार गर्न नेपाल बिद्युत प्राधिकरण गुलरिया बितरण केन्द्रलाई अनुरोध गर्ने निर्णय गरियो
- गुलरिया न.पा. वडा नं. १ को कमलपुर गाउँ भित्र संचालनमा रहेको बबई सिंचाइ आयोजनाको कुलो सडक माथि भई यातायात आवागमनमा कठिनाइ भइरहेको हुँदा उक्त कुलोलाई गाउँ भित्र भुमिगत रुपमा सुधार बिस्तारको लागि सिंचाइ मन्त्रालयलाई अनुरोध गर्ने ।
- पर्बतीया मंदिर क्षेत्रमा २००० जना ब्यक्तिको सहभागिता सहितको क्षमता भएको बहु उद्धेश्यीय र बहुभाषिय सभागृह ई-लाइब्रेरी सहितको सभागृह निर्माणको लागि शहरी विकास मन्त्रालय, संचार मन्त्रालय र भूमि सुधार मन्त्रालयलाई अनुरोध गर्ने ।
- गुलरिया न.पा. वडा नं. १ मा सिचाईको ब्यबस्था नभएको हुँदा १०० थान डिप बोरिङ्ग मागको लागि भूमिगत जल सिचाई कार्यालय नेपालगंजलाई अनुरोध गर्ने ।
- गुलरिया नगरपालिका वडा नं. १ मा मधेसी समुदायको बाहुल्यता रहेको र मधेसी समुदायमा जन्मसिद्र नागरिकता प्राप्त गरेका ब्यक्तिहरुका सन्तानको हकमा नेपाली नागरिकता प्राप्तीको लागि नेपाल सरकार गृह मन्त्रालयलाई अनुरोध गर्ने ।
- सुकुम्बासी आयोगबाट प्राप्त जग्गाधनी पुर्जा ऋण धितो र बन्धक राखी ऋण उपलब्ध गराउनको लागि बित्तिय संघ संस्थाहरुलाई नेपाल सरकारबाट परिपत्र गरिदिनका लागि नेपाल सरकारलाई अनुरोध गर्ने ।
- गुलरिया न.पा. वडा नं. १ स्थित खैरापुर स्वास्थ्य चौकीमा हालसम्म एम्बुलेन्स नभएको हुदा एम्बुलेन्सको ब्यबस्था गर्न नेपाल सरकारको स्वास्थ्य मन्त्रालयलाई अनुरोध गर्ने ।
- गुलरिया - १ स्थित खैरापुर स्वास्थ्य चौकीलाई स्तरोन्नती गरि प्राथमिक स्वास्थ्य केन्द्रको रुपमा बिस्तार गर्न नेपाल सरकार स्वास्थ्य मन्त्रालयलाई अनुरोध गर्ने ।
- गुलरिया न.पा. वडा नं. १ मा पशु सेवा कार्यालय नभएको हुँदा पशु सेवाको शाखा कार्यालय स्थापनाको लागि पशुपंक्षि बिकास मन्त्रालयलाई अनुरोध गर्ने ।

- गुलरिया - १ को बेहाय नालालाई पर्यटकिय क्षेत्रको रुपमा बिकास गर्न कछुवा र गोही संरक्षण केन्द्रको रुपमा बिकास गर्न वेहाय नाला कोरिडोर निर्माणको लागि पर्यटन तथा संस्कृति मन्त्रालय र बन मन्त्रालयलाई अनुरोध गर्ने ।

निर्णय नं. ४

गुलयिा नगरपालिका वडा नं. १ का सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ब्यक्तिहरुको रकम वडा कार्यालयबाट बितरण गर्न आबश्यक ब्यबस्था मिलाउन नगर कार्यपालिकालाई अनुरोध गर्ने निर्णय गरियो

निर्णय नं. ५)

गुलरिया - १ मा गुलरिया नगरपालिकाद्धारा तयार भएको ऐलानी जग्गाको रेकर्डमा उल्लेखित जग्गाहरुलाई संरक्षण गर्ने निर्णय गरियो ।

निर्णय नं. ६)

गुलरिया - १ मा जि. आई. एस. डिजिटल नक्सा बनाउनको लागि गुलरिया नगर कार्यपालिकालाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ७)

गुलरिया नगरपालिकाको सडक मापदण्ड र यस वडाको सडक मापदण्डलाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ८)

यस वडाको बोहरा चोकदेखि लेगपिस चोक हुदै पुर्वतर्फ हुलाकी सडकको शिवचोक सम्म र पर्बतीया मंदिर क्षेत्रमा सोलार बत्ती जडानको लागि गुलरिया नगर कार्यपालिकालाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ९)

गुलरिया - १ भित्रका सुकुम्बासी, भुमिहिन र मुक्त कमैया साथै निर्माण क्षेत्रमा कार्यरत मजदुरहरुको तथ्यांक तयार गर्ने निर्णय गरियो ।

निर्णय नं. १०)

गुलरिया - १ खैरापुर तिकुनिया स्थित पिपल चौतारा देखि पुर्व तुलसी चुदालीको घरसम्म हुलाकी सडकको दक्षिणतर्फ पक्कि नाली निर्माणको लागि हुलाकी सडक डिभिजन कार्यालय बाँके र गुलरिया नगरपालिकालाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ११)

गुलरिया - १ स्थित पर्बतीया मंदिर र खण्डबाबा मंदिरको ऐतिहासिक महत्वको उत्खनन गर्नका लागि पुरातत्व विभाग र पर्यटन तथा संस्कृति मन्त्रालयलाई मंदिर निर्माणको लागि प्रस्तावना सहित गुलरिया नगरपालिका मार्फत प्रदेश र केन्द्र सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १२)

गुलरिया - १ को बेहाय नालाले भौतिक संरचना र खेती बालीलाई क्षति पुऱ्याएकोले नियन्यत्रणको लागि सिचाई डिभिजन कार्यालय बाँकेलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १३)

गुलरिया - १ को बेहाय नालाले भौतिक संरचना र खेती बालीलाई क्षति पुऱ्याएकोले नियन्यत्रणको लागि सिचाई डिभिजन कार्यालय बाँकेलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १४)
आजको वडा भेलाको उद्घाटन सत्रमा प्राप्त भएका रचनात्मक राय सुझावहरुलाई संकलन गरि आगामी आर्थिक बर्षको बार्षिक नीति, कार्यक्रम र बजेट अनुमोदन गर्ने निर्णय गरियो ।